# विज्ञापन आचारसंहिता, २०७८ को मस्यौदा

विज्ञापन व्यवसायलाई निष्पक्ष, तटस्थ, पारदर्शी तथा मर्यादित बनाई विज्ञापन निर्माण, उत्पादन, वितरणका साथै प्रकाशन तथा प्रसारणका कार्यहरुलाई व्यवस्थित बनाइ विज्ञापन बजारलाई स्वच्छ तथा प्रतिष्पर्धी गराउन वाञ्छनीय भएकोले,

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी विज्ञापन बोर्डले यो आचारसंहिता बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आचारसंहिताको नाम “विज्ञापन आचारसंहिता, २०७८” रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) “अध्यक्ष'' भन्नाले विज्ञापन बोर्डको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) “ऐन” भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ग) ‘‘पुनः प्रसारक’’ भन्नाले टेलिभिजन सिग्नल प्रसारण गर्ने, अनुमति लिएका केवल टेलिभिजन, डिटिएच, आइपिटिभि, एमएसओ, एलसिओ लगायतलाई सम्झनुपर्छ ।

(घ) “नियमावली” भन्नाले विज्ञापन (नियमन गर्ने) नियमावली ऐन, २०७७ सम्झनुपर्छ ।

(ङ) “बोर्ड” भन्नाले ऐनको दफा १४ वमोजिम गठित विज्ञापन बोर्ड सम्झनुपर्छ ।

(च) “विज्ञापन उत्पादन” भन्नाले विज्ञापनदाताले आफ्नो व्यापार व्यवसाय प्रवर्द्धन गर्ने उदेश्यले कुनै बस्तु सेवा, कार्यक्रम वा अवसरका सम्वन्धमा विभिन्न सञ्चारमाध्यमद्वारा सार्वजनिक रुपमा प्रचारप्रसार गर्ने उदेश्यले तयार गरिएका विज्ञापन सामग्रीको निर्माण तथा उत्पादन गर्ने कार्य सम्झनुपर्दछ ।

(छ) “विज्ञापन प्रकाशन” भन्नाले कुनै पनि छापामाध्यमवाट प्रकाशन हुने पुस्तक, पत्रपत्रिका, पाम्प्लेट, पोष्टर, ब्रोस्योर र लिखतपत्र समेतका कुनैपनि माध्यमद्वारा आफ्नो व्यापार व्यवसाय प्रवर्द्धन गर्ने उदेश्यले सार्वजनिक रुपमा प्रकाशन गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ज) “विज्ञापन प्रसारण” भन्नाले विज्ञापनदाताको व्यापार व्यवसाय, सेवा प्रवर्द्धन तथा सार्वजनिक हित सम्वन्धी विषयमा जानकारी गराउने उदेश्यले तयार पारिएको शव्द, बाक्य, चित्र, तस्विर, सङ्केत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य,

श्रव्यदृश्य वा यस्तै प्रकारका विज्ञापनलाई आम जनताले जानकारी पाउन सक्ने गरी विद्युतीय माध्यम, दुरसञ्चार सेवा, अनलाईन सामाजिक सञ्जाल, होर्डिङ्गवोर्ड, वेलुन वा कुनै संरचनालगायतका जुनसुकै माध्यमबाट गरिएको प्रसारणसम्वन्धी कार्यलाई सम्झनुपर्छ।

(झ) "विज्ञापन वितरण" भन्नाले विज्ञापनदाता वा विज्ञापन एजेन्सीले विज्ञापन प्रकाशन तथा प्रसारणका लागि सञ्चारका माध्यमहरुलाई प्रदान गरिने कार्य सम्झनुपर्छ ।

(ञ) "विज्ञापन व्यवसायमा संलग्न व्यक्ति" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई विज्ञापन प्रदान गर्ने विज्ञापनदाता, उत्पादन, संकलन, वितरण गर्ने विज्ञापन एजेन्सी तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमलाई सम्झनुपर्छ ।

(ट) "विज्ञापन व्यवसायी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई विज्ञापन उत्पादन, संकलन, वितरण गर्ने कार्यमा संलग्न बोर्डमा सूचीकृत विज्ञापन एजेन्सीलाई सम्झनुपर्छ ।

(ठ) "सामाजिक सञ्जाल" भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगकर्ताले निर्माण गरेका विषयबस्तु प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित फेसबुक, ट्विटर, भाईबर, ह्वाट्सएप, म्यासेन्जर, ईन्स्टाग्राम, युवट्युव, लिन्क्डईन जस्ता अन्य प्रणालीलाई समेतलाई सम्झनु
पर्छ ।

३. **<u>विज्ञापनसम्बन्धी व्यवसाय गर्ने व्यक्तिको आचारसंहिताः</u>** विज्ञापनसम्बन्धी व्यवसाय गर्ने व्यक्तिले देहायका आचारसंहिता अनिवार्यरूपले पालना गर्नु पर्नेछः

(क) कुनै पनि व्यक्ति, समुदाय वा संस्थाको ख्याति, सम्मान वा मर्यादा र सार्वजनिक हित, शिष्टाचार, नैतिकता र जनस्वास्थ्यमा आघात नपर्ने तथा आधिकारिकता पुष्टि हुने गरी मात्र विज्ञापन प्रकाशन वा प्रसारण गर्नुपर्दछ ।

(ख) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता विरूद्ध एवं विभिन्न जात—जाति, धर्म, सम्प्रदाय, भाषा, संस्कृतिबीचको सुसम्बन्ध र सामाजिक सद्भावमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु गराउनु हुँदैन ।

(ग) जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक, मानसिक र स्वास्थ्य अवस्थाजस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरी विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु गराउनु हुँदैन ।

(घ) हिंसा, आतंक र अपराधलाई प्रश्रय हुने वा आत्महत्या गर्न उक्साउने, अश्लील, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकुल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु गराउनु हुँदैन ।

(ङ) विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहेका व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकुल असर पर्ने गरी कुनै पनि विवरण, चित्र, संकेतलगायतका सामग्रीको प्रयोग गरी विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु गराउनु हुँदैन ।

(च) यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवताविरोधी अपराधबाट प्रभावित व्यक्ति (Survivor) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु गराउनु हुँदैन ।

(छ) समाजमा हिंसा, निराशा, घृणा, सन्त्रास र उत्तेजना फैलाउने, साथै हत्या, आत्महत्या, बलात्कार, दुर्घटनाजस्ता कारणबाट सृजित नग्न, क्षतविक्षत र बिभत्स दृश्य एवं तस्बिरहरू विज्ञापनको रुपमा सम्प्रेषण गर्नु गराउनु हुँदैन ।

(ज) विज्ञापन सङ्कलन वा सम्प्रेषण गर्दा अनुचित प्रभाव पार्न खोज्ने विज्ञापनदाता, प्रायोजक, समाचारका स्रोत, व्यक्ति वा समूह कसैको पनि प्रत्यक्ष वा परोक्ष दवाव वा प्रलोभनमा पर्नुहुँदैन ।

(झ) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने विज्ञापन गर्नु गराउनु हुँदैन ।

(ञ) हतियार, विष्फोटक पदार्थ वा नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै बस्तु वा पदार्थको उत्पादन बिक्री, वितरण उपयोग गर्न प्रोत्साहन गर्ने विषयको विज्ञापन गर्नु गराउनु हुँदैन ।

(ट) नेपालको परराष्ट्र नीति विपरित हुने कुराहरु विज्ञापन गर्नु गराउनु हुँदैन ।

(ठ) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, नेपालको निशान छाप वा त्यसको कुनै वा सवै भाग वा राष्ट्रिय विभूतिको प्रयोग गरी वा त्यसको अवमूल्यन हुने गरी विज्ञापन गर्नु गराउनु हुँदैन ।

(ड) कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना सम्वन्धमा विज्ञापन गर्नु गराउनु हुँदैन ।

(ढ) निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उदेश्यका सामाग्रीहरुको विज्ञापन गर्नु गराउनु हुँदैन ।

(ण) राजनीतिक दलहरुलाई प्रतिकुल असर पर्ने विषयमा विज्ञापन गर्नु गराउनु हुँदैन ।

(त) जनमानसमा भय, त्रास तथा आतंक पैदा गर्ने प्रकृतिका कुराहरुको विज्ञापन गर्नु गराउनु हुँदैन ।

(थ) औषधि तथा औषधिजन्य बस्तुको प्रयोग, उपयोगिता वा प्रभावकारिता सम्बन्धमा झुट्टा वा भ्रमात्मक विज्ञापन गर्न गराउन हुँदैन ।

(द) प्रचलित कानूनले कुनै खास प्रकारको बस्तु वा सेवाको लागि कुनै खास प्रक्रिया, शर्त वा मापदण्ड पालना गर्नुपर्ने गरी निर्धारण गरेकोमा विज्ञापन ऐनमा लेखिएको विषयको अतिरिक्त त्यस्तो कानूनले निर्धारण गरेको प्रक्रिया, शर्त वा मापदण्ड समेत पालना नगरेको विज्ञापन प्रसारण गर्न गराउनु हुदैन ।

(ध) विज्ञापन प्रकाशन/प्रसारण गर्ने विद्युतीय, अनलाइन, छापा, वा अन्य सञ्चारका माध्यमले वा सामाजिक सञ्जाल तथा होर्डिङ्गबोर्डलगायतको माध्यमबाट विज्ञापन गर्ने व्यक्ति वा संस्थाले विज्ञापनकर्ताको नाम, ठेगाना तथा आधिकारिकताको बारेमा स्पष्ट जानकारी नभई विज्ञापन गर्न गराउन हुदैन ।

(न) सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारण हुने विज्ञापन विज्ञापनदाताले प्रवर्द्धन गर्न खोजेको बस्तु वा सेवा उत्पादनको आधिकारिकता र उत्पादकको परिचयविना त्यस्तो बस्तु वा सेवाको विज्ञापन उत्पादन, प्रकाशन वा प्रसारण गर्न गराउन हुँदैन ।

(प) लेवलमा उल्लेख भए बमोजिम गुणस्तर नभएको बस्तु र सेवाको झुट्टा गुणस्तरसम्वन्धी दावी लिई विज्ञापन गर्नु गराउनु हुदैन ।

(फ) विज्ञापनमा प्रयोग गर्ने भाषा, बोलि, संकेत वा चिन्ह आदि शिष्ट र मर्यादित हुनुपर्दछ ।

४. **<u>विज्ञापन गर्न नहुने</u>**:(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको विषयमा विज्ञापन गर्न पाइने छैनः

(क) प्रचलित नेपाल कानूनले उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेका कुनै बस्तु पदार्थ वा सेवाको उत्पादन, बिक्री-वितरण,उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ख) जुवा खेल्न खेलाउन वा प्रचलित कानूनबमोजिम अनुमति नलिएको चिट्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषय,

(ग) प्रचलित कानूनबमोजिम अश्लिल मानिने बस्तु तथा सेवाको उपयोग, प्रयोग वा प्रबर्द्धन गर्न प्रोत्साहन गर्ने विषय,

(घ) चिकित्सकको सिफारिसमा मात्र बिक्री-वितरण गरिने औषधीहरुका विषय,

(ङ) नेपालमा बिक्री वितरण वा प्रयोगको लागि प्रचलित कानूनबमोजिम अनुमति लिनुपर्नेमा त्यस्तो अनुमति प्राप्त भई नसकेको बस्तु वा सेवाको विषय,

(च) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा,

(छ) शैक्षिक जानकारी दिने विषयवाहेक पाठ्यपुस्तकमा विज्ञापन गर्न,

(ज) अन्धविश्वासलाई प्रोत्साहन हुने विषयमा,

(झ) भ्रम वा अफवाह फैल्याउने गरी, स्वच्छ प्रतिष्पर्धामा प्रतिकुल असर पर्ने गरी, अरुको उत्पादन बस्तु वा सेवासँग तुलना गरी त्यस्तो उत्पादन बस्तु वा सेवालाई कमसल वा नराम्रो देखाउने गरी विज्ञापन गर्न ।

(ञ) अदालतको अवहेलना वा अपराध गर्न दुरुत्साहन गर्ने गरी,

(ट) भ्रम वा अफवाह फैलाउने, उत्तेजना फैलाउने वा अन्य यस्तै अमर्यादित व्यवहार गर्ने गरी,

(ठ) स्वच्छ प्रतिस्पर्धामा प्रतिकुल असर पार्ने गरी,

(ड) कसैलाई गाली बेइज्जती हुने गरी,

(ढ) अरुको उत्पादन बस्तु वा सेवासँग तुलना गरी त्यस्तो उत्पादन बस्तु वा सेवालाई कमसल वा नराम्रो देखाउने गरी,

(ण) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने गरी,

(त) श्रमप्रति अवहेलना गर्ने, लैंगिक विभेद एवंम जातीय छुवाछुत हुने गरी,

(थ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा समुदायबीचको सुसम्वन्धमा खलल पार्न वा आर्थिक अवस्था, भाषा, क्षेत्र, बैचारिक आस्था वा अपाङ्गता लगायतको कुनै आधारमा विभेद हुने गरी,

(द) ट्रेडमार्क, पेटेन्ट, डिजाईनलगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृत विना,

(ध) स्वदेशी वा अन्य उत्पादनलाई हतोत्साहित गर्ने गरी,

(न) कानूनवमोजिम गोप्य रहेका विषयमा जानकारी गराउने गरी,

(प) निर्वाचनको स्वच्छतामा प्रतिकुल असर पार्ने गरी वा निर्वाचनमा अवरोध गर्ने गरी,

५. <u>**विज्ञापन व्यवसायसम्बन्धी आचार:**</u> विज्ञापनसम्बन्धी व्यवसाय गर्ने व्यक्ति वा विज्ञापनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी व्यक्तिले देहायका आचार पालना गर्नु पर्नेछः

**५.१ समानतासम्वन्धी आचारः**

(क) कसैको पनि आत्मसम्मान र मर्यादामा चोट पुग्ने गरी विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण गर्नु गराउनु हुदैन ।

(ख) महिलालाई यौन, भोग्य बस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा विज्ञापनमा प्रयोग गर्नु गराउनु हुदैन ।

(ग) महिलालाई अंग प्रदर्शन गर्न वाध्य पार्ने, यौन उत्तेजना फैलाउने, पुरुषको दाँजोमा कमजोर पात्रको रुपमा प्रदर्शन गर्ने र घरायसी काममा मात्र सिमित गर्ने जस्ता विज्ञापनमा प्रयोग गर्नु गराउनु हुँदैन ।

(घ) लैङ्गिक हिंसा वा सबै प्रकारका विभेदलाई वढावा दिने प्रकृतिका विज्ञापन सामाग्री उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्न वा गर्न लगाउन हुदैन ।

(ङ) यौनिक अल्पसंख्यकलाई होच्याउने वा विभेद गर्ने खालका विज्ञापन सामाग्री उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्न वा गर्न लगाउन हुदैन ।

**५.२ बालबालिकाको हित संरक्षणसम्वन्धी आाचारः**

(क) बाल मष्तिष्कमा नकारात्मक असर पर्ने विज्ञापनको उत्पादन, वितरण,प्रकाशन तथा प्रसारण गर्नु गराउनु हुँदैन।

(ख) बालवालिकाको शिक्षामा बाधा अड्चन पुग्ने वा शारिरीक तथा मानसिक स्वास्थ्य, नैतिक एवं सामाजिक विकासमा हानी पुग्ने गरी विज्ञापन उत्पादन, वितरण तथा प्रकाशन तथा प्रसारण गर्नु गराउनु हुँदैन।

(ग) बालवालिकाको स्वास्थ्यमा नकारात्मक असर पर्ने, दीर्घकालिन रुपमा शारिरीक तथा मानसिक विकासमा अवरोध पुग्ने बस्तु वा सेवाको विज्ञापन गर्नु गराउनु हुँदैन।

(घ) विद्युतीयमाध्यमवाट बालवालिकाको मानसिक तथा शारिरीक विकासमा अवरोध पुग्ने, डर त्रास उत्पन्न गर्ने खालका कार्यक्रम, विद्युतीय खेल तथा चलचित्रको विज्ञापन गर्नु गराउनु हुँदैन।

(ङ) बालबालिकालाई जुवा तास खेलाउने तथा अनलाईनमार्फत बाजी लगाउने एवं गैरकानूनी क्रियाकलापमा प्रोत्साहन गर्ने जस्ता विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण गर्नु गराउनु हुँदैन।

(च) बालबालिकालाई होच्याउने, आत्मसम्मानमा चोट पुग्ने खालका विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण गर्नु गराउनु हुँदैन।

**५.३ जनस्वास्थ्यसम्वन्धी आचारः**

(क) जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमको विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण गर्नु गराउनु हुँदैन।

(ख) औषधि विज्ञानले प्रमाणित नगरेका झुटा विवरण युक्त औषधिको विज्ञापन गर्नु गराउनु हुँदैन।

(ग) चिकित्सकको सिफारिसविना औषधि, यौन उत्तेजक औषधि तथा औषधिजन्य उपकरण समेतको प्रयोग गर्न उक्साउने, लोभ्याउने खालका विज्ञापन गर्नु गराउनु हुँदैन।

(घ) कुनै पनि माध्यमबाट सूर्तिजन्य एवं मादक पदार्थको विज्ञापन गर्नु गराउनु हुँदैन।

(ङ) प्रतिबन्धित विषादीको विज्ञापन गर्नु गराउनु हुँदैन।

(च) एउटै औषधिले सवै रोग निको पार्छ भन्ने खालका भ्रमपूर्ण विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण गर्नु गराउनु हुँदैन।

(छ) उपचार, विधि र प्रयोगका सम्वन्धमा प्रयोगकर्ता वा विज्ञबाट झुठ्ठा व्यहोरा प्रस्तुत गराई विज्ञापन गर्नु गराउनु हुँदैन।

**५.४ खाद्य बस्तु तथा पेयपदार्थ सम्वन्धी आचारः**

(क) खाद्य बस्तुको गुण, परिमाण, खाद्य पदार्थमा मिश्रित तत्व तथा सोमा निहित पोषक तत्व, मूल्य लगायतका झुठ्ठा विवरण समावेश गरी विज्ञापन गर्न गराउनु हुँदैन ।

(ख) पेय पदार्थबाट हुने हानिको सम्वन्धमा सचेतामुलक सन्देश प्रवाह नगरी विज्ञापन गर्न गराउन हुदैन ।

(ग) खाद्य तथा पोषणविदको सिफारिसविना खाद्य पुरक बस्तु (माईक्रो न्यूट्रियन्ट) तथा शक्तिवर्धक भनी कुनै पनि बस्तुको प्रयोग गर्न उक्साउने, लोभ्याउने खालका विज्ञापन गर्नु गराउन हुँदैन ।

**५.५ प्रतिष्पर्धा प्रवर्द्धन सम्वन्धी आचारः**

(क) बस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा संस्थाले प्रतिस्पर्धालाई नियन्त्रण वा सीमित गर्ने उद्देश्यले भ्रमपूर्ण विज्ञापन गर्नु गराउन हुँदैन ।

(ख) कुनै पनि बस्तु वा सेवाको वास्तविक गुण, परिमाण, फाइदा, आयु, मूल्यलगायतका तथ्य फरक गरी भ्रमपूर्ण वा झुट्टा विवरण दिई विज्ञापन गर्नु गराउन हुँदैन ।

(ग) प्रतिष्पर्धालाई कमजोर र निरुत्साहित गर्ने तथा बजारमा आफ्नो बस्तु तथा सेवाको एकाधिकार कायम गर्ने गरी विज्ञापन गर्नु गराउन हुँदैन ।

**५.६ होर्डिङ्गबोर्डसम्वन्धी आचारः**

(क) स्थानीय तहले तोकेको मापदण्ड, कार्यविधि वा प्रक्रियाअनुरुप स्वीकृति लिएर मात्र होर्डिङ्गबोर्ड राख्नु पर्दछ ।

(ख) सहरी सौन्दर्यता विगार्ने तथा च्यातिएका होर्डिङ्गबोर्ड सम्वन्धित पक्षले हटाउनु पर्दछ ।

(ग) सहरी सौन्दर्यता विगार्ने गरी पर्चा, पम्प्लेट, ब्यानर, भित्ते लेखन, होडिङ्गबोर्ड राख्न पाइने छैन ।

(घ) सहर तथा राजमार्ग आसपासका क्षेत्रमा दृश्यमा दिग्भ्रमित गराउने, सवारी दुर्घटना बढाउने, झिंझाहट पैदा गर्ने, रातको समयमा अत्याधिक चम्किलो प्रकाश दिई सवारी आवागमनमा असर पार्ने, सडक तथा सडकपेटिका खम्बा, पुल, आकासे पुल, सडक किनाराका रुखविरुवा लगायतमा सडकको सौन्दर्यता खलल पार्ने खालका होर्डिङ्गबोर्ड, पर्चा, पम्प्लेट, पोष्टर आदि राख्न पाइने छैन ।

(ग) देहाय वमोजिम होर्डिङ्गबोर्डबाट विज्ञापन गर्न हुदैनः

(१) प्रचलित कानून प्रतिकूल हुने,

(२) सर्वसाधारणलाई आवतजावत गर्न वाधा वा असुविधा हुने,

(३) सहर वा अन्य स्थानको प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने,

(४) धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा विश्वसम्पदा सूचीमा सूचिकृत स्थानहरुको मौलिक संस्कृति तथा प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने,

(५) सडक पेटी तथा सार्वजनिक स्थानमा प्रतिकूल असर पर्ने,

(६) घरको झ्याल तथा ढोका छेकी आफ्नो तथा छिमेकिको घरमा हावा र घाम आउन वाधा पुग्ने गरी,

(७) तोकिएका स्थानमा भन्दा अन्यत्र होर्डिङ्गबोर्ड राख्न,

(८) तोकिएको साईज भन्दा फरक साइज तथा गुणस्तरको बोर्ड राख्न,

(९) सडक दुर्घटना तथा ट्राफिक जाम गराउने तथा मानिस तथा सवारी साधनको आवतजावतमा असर पर्ने गरी ।

**५.७ समानता तथा समता प्रवर्द्धनसम्वन्धी आचारः**

(क) लैगिंक समानता र समतामा असर पार्ने तथा अपांगता भएका व्यक्ति, दलित, आदिवासि जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, सिमान्तकृत वर्ग, यौनिक अल्पसंख्यक समूदायको मर्यादामा आँच आउने, होच्याउने, अपमानित गर्ने वा असमानतालाई बढवा दिने खालका विज्ञापन गर्न गराउन हुँदैन ।

(ख) जातीय, छुवाछूत एवं लैंगिक भेदभावलाई प्रोत्साहन गर्ने कुराको विज्ञापन गर्नु गराउन हुँदैन ।

(ग) जात, जाति, धर्म, संस्कृति, प्रथा परम्परा र रीतिरिवाजप्रति भ्रम सृजना गर्ने, हेला गर्ने, होच्याउनेजस्ता विज्ञापन गर्न गराउनु हुदैन ।

(घ) सामाजिक सद्भाव खल्वल्याउने तथा भेदभावलाई प्रश्रय दिने खालका कुनै पनि विज्ञापन गर्नु गराउनु हुदैन ।

**५.८ दूरसञ्चार सेवा प्रदायकको आचारः**

(क) दूरसञ्चार सेवा प्रदायकले सार्वजनिक हित तथा लोककल्याणकारी विज्ञापन वाहेकका विज्ञापन आफ्नो नेटवर्कमा पठाउन हुदैन ।

(ख) तत्काल जनतालाई सूचना नदिँदा जनधनको क्षति वा हानिनोक्सानी हुने अवस्था भएमा त्यस्तो सूचना सम्प्रेषण गर्न कुनै बाधा पर्नेछैन ।

(ग) प्रचलित कानूनले रोक लगाएका तथा यस आचारसंहिता विपरित हुने विज्ञापनलाई आफ्नो नेटवर्कमा सम्प्रेषण गर्नु हुँदैन ।

**५.९ इन्टरनेटमा आधारित माध्यममा हुने विज्ञापनसम्वन्धी आचारः**

(क) कसैले पनि सम्बन्धित व्यक्तिको मञ्जुरीविना सामाजिक सञ्जाल, मोबाइल एप्स तथा अन्य कुनै पनि प्रकारका एप्समार्फत विज्ञापन पठाउन हुँदैन ।

(ख) इन्टरनेटमा आधारित माध्यमहरुमार्फत विज्ञापन गरी गैरकानूनी रुपमा विदेशी मुद्रा विदेश पठाउन हुदैन ।

(ग) सामाजिक सञ्जालमा प्रचलित कानूनले रोक लगाएका तथा यस आचारसंहिता विपरित हुने विज्ञापन तथा सूचना गर्न गराउन हुदैन ।

(घ) सामाजिक सञ्जाल प्रयोगकर्ताले आफ्नो वास्तविक परिचय लुकाई वा सामाजिक सञ्जाल प्रयोगको नक्कली आईडि निर्माण गरी वा अर्को व्यक्तिको आईडिको अनधिकृत प्रयोग गरी कुनै प्रकारका विज्ञापन गर्न गराउन हुदैन ।

(ङ) अनुमति नलिई सामाजिक सञ्जालमा विज्ञापन प्रकाशन, प्रसारण तथा वितरण गर्न गराउन तथा त्यस्ता विज्ञापन सामाग्रीलाई शेयर गर्न वा संप्रेषण गर्न हुदैन ।

६. **सञ्चारमाध्यमले पालना गर्नुपर्ने आचारसंहिताः** विज्ञापन प्रकाशक वा प्रसारकले देहायका आचारसंहिता अनिवार्यरूपले पालना गर्नु पर्नेछः

**६.१ प्रकाशन तथा प्रसारणसम्वन्धी आचारः**

(क) तोकिएको स्थान वा समयमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

(ख) विज्ञापन छापेको पृष्ठ वा अंक वजारमा नपठाउने वा गायव गर्ने वा निश्चित स्थानमा मात्र पठाई अन्यत्र जानबाट वा प्रसारण हुनबाट रोक लगाउने, अघिल्लो मिति राखि सूचना प्रकाशन गर्ने जस्ता कार्य गर्नु गराउन हुँदैन ।

(ग) सञ्चारमाध्यमले विज्ञापनलाई समाचार तथा कार्यक्रमको रुपमा प्रस्तुत गर्नु हुँदैन। पाठक, श्रोता वा दर्शकमा भ्रम वा संशय उत्पन्न हुने गरी विज्ञापन सामग्रीलाई समाचार, कार्यक्रम, लेखरचना, विचार वा प्रायोजित सामग्रीको रुपमा सम्प्रेषण गर्नु, गराउनु हुँदैन ।

(घ) विज्ञापनदातालाई विज्ञापन दिन वाध्य पार्ने, कुनै एक सञ्चारमाध्यममा विज्ञापन दिएको आधारमा आफ्नोमा पनि दिन दवाव दिने तथा विज्ञापन नदिएको कारण नकारात्मक समाचार तथा सूचना सम्प्रेषण गर्नु गराउनु हुदैन ।

(ङ) विज्ञापन बोर्डवाट परीक्षण अनुमति प्राप्त नगरी विज्ञापन प्रसारण गर्नु हुदैन ।

(च) विज्ञापनदाताले पठाएको विज्ञापनमा हेरफेर, थपघट वा कुनै प्रकारको संशोधन गरी प्रकाशन तथा प्रसारण गर्न हुदैन तर प्रकाशन तथा प्रसारणको वेला प्राविधिक कारणले कुनै त्रुटी वा गल्ती भएको वा अन्यथा हुन गएको भए थाहा पाउने वित्तिकै त्यस्तो विज्ञापन पुनः सच्याएर निःशुल्क प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ।

(छ) जनहित वा सार्वजनिक हितसम्वन्धी विज्ञापन आफैले उत्पादन गरी प्रकाशन वा प्रसारण गर्दा आधिकारीक सूचना सम्प्रेषणको सुनिश्चितता गर्नुपर्नेछ ।

(ज) सूचना वा विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम तथा ठेगाना एकीन गरी आधिकारिकता पुष्टि हुने पर्याप्त आधार र कारण प्राप्त गरेर मात्र प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ । विज्ञापनदाता खुल्न नसकी अनाधिकृत विज्ञापन प्रकाशन तथा प्रसारणवाट कुनै क्षति हुन पुगे सञ्चारमाध्यम नै जिम्मेवार हुनेछ ।

(झ) स्वदेशी वा विदेशी च्यानलको पुनः प्रसारकले विज्ञापन प्रसारण गर्न हुँदैन ।

(ञ) बोर्डले समय निर्धारण गरी प्रसारणका लागि अनुमति दिएको समय वाहेक अन्य समयमा विज्ञापन प्रसारण गर्न हुदैन ।

**६.२ भुक्तानी तथा कारोबारसम्वन्धी आचारः**

(क) सञ्चारमाध्यमले विज्ञापन दररेट सार्वजनिक गर्नु पर्नेछ।

(ख) निर्धारित न्यूनतम दररेट भन्दा कममा कारोवार गर्न पाईने छैन । यदि कुनै विशेष परिस्थितिमा सार्वजनिक भएको दररेटमा थप छुट दिनुपर्ने वा बार्षिक कारोवारको आधारमा बोनस प्रदान गर्ने भए सो समेत स्पष्ट देखिने र वुझिने गरी वेवसाईट वा सार्वजनिक रुपमा प्रकाशन गरिएको हुनु पर्दछ ।

(ग) प्रकाशित वा प्रसारित नै नभएको सूचना वा विज्ञापन प्रकाशित वा प्रसारित भएको भनी प्रमाणपत्र जारी गरी भुक्तानी प्राप्त गर्न हुदैन ।

(घ) प्रकाशन तथा प्रसारण गृहले आफ्ना प्रकाशन तथा प्रसारणको रेकर्ड सम्वन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी वा बोर्डले मागेको वेला उपलव्ध गराउने गरी अभिलेख वनाई सुरक्षित राख्नु पर्दछ र बोर्ड वा अन्य सम्बन्धित निकायले प्रयोजन खोली माग गरेमा पेश गर्नु पर्दछ ।

(ङ) विज्ञापन वा सूचना प्रकाशन वा प्रसारण पूर्व भुक्तानी गरेको अवस्थामा मात्र नगद छुट दिन सकिने र नगद छुटको जानकारी दररेटमा उल्लेख गरी सार्वजनिक गर्नु पर्दछ ।

(च) विज्ञापन बापतको रकम तोकिएको समयमा भुक्तानी प्राप्त नभए तत्काल बोर्डमा जानकारी गराउने तथा भुक्तानी नगर्ने विज्ञापनदाता, विज्ञापन एजेन्सीलाई सचेत गराउदै अन्य सञ्चारमाध्यमलाई समेत जानकारी गराउने कार्यमा सहयोग गर्नु पर्दछ ।

(छ) विज्ञापन प्रकाशन वा प्रसारण नै नभएको वा तोकेभन्दा कम पटक प्रकाशन वा प्रसारण गरेको पाईए दामासाहिले हुन आउने रकम मात्र भुक्तानी लिनु र दिनुपर्नेछ ।

७. **<u>विज्ञापन एजेन्सीले पालना गर्नुपर्ने आचार:</u>** विज्ञापन एजेन्सीले देहायका आचार अनिवार्यरूपले पालना गर्नु पर्नेछः

**७.१ विज्ञापनदातासँगको सम्बन्ध सम्बन्धी आचारः**

(क) विज्ञापनदातालाई भ्रममा पारी विज्ञापन लिने, जवरजस्ती विज्ञापन गर्न लगाउने, विज्ञापनदातालाई गलत सूचना दिई अमुक सञ्चारमाध्यमको मात्र हित हुने काम गर्नु गराउनु हुदैन ।

(ख) विज्ञापनदाताले चाहेको सञ्चारमाध्यममा विज्ञापन प्रकाशन तथा प्रसारण गरिदिनु पर्छ ।

(ग) भुक्तानी प्राप्त गर्दा विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सञ्चारगृहको विल समावेश गरी आफ्नो कमिशन स्पष्ट देखिने गरी विल जारी गर्नु पर्दछ ।

(घ) विज्ञापन उत्पादन, वितरण तथा मिडिया प्लानिङ्गको कार्य गरेकोमा प्रत्येक कामको छुट्टा छुट्टै दर खुल्ने गरी लिखित सम्झौता गर्नु पर्दछ ।

(ङ) विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा काम गर्नु पर्दछ ।

### ७.२ सञ्चारमाध्यमसँगको सम्वन्ध सम्बन्धी आचारः

(क) सञ्चारमाध्यमले निर्धारण गरेको दररेटमा विज्ञापन उपलव्ध गराउनु पर्दछ । सञ्चारमाध्यमलाई विज्ञापनको दर निर्धारण गर्न, घटीवढी गराउन तथा एजेन्सी आफैले दर तोक्ने गर्नु गराउनु हुँदैन ।

(ख) एउटा एजेन्सीलाई प्राप्त भएको विज्ञापन विभिन्न एजेन्सीमा पठाई दरमा परिर्वतन गर्ने गराउने कार्य गर्नु गराउनु हुँदैन ।

(ग) विज्ञापन प्रकाशन तथा प्रसारण गरेवापतको रकम भुक्तानी सम्बन्धित प्रसारक वा प्रकाशकबाट विल प्राप्त भएको मितिले एक महिनाभित्र गरी सक्नु पर्नेछ ।

(घ) प्रचलित कानूनबमोजिम वाहेक थप आर्थिक लाभ लिन दिन हुँदैन । साथै एजेन्सी सेवा शुल्कको अतिरिक्त अन्य कुनै प्रकारका छुट वा लाभ दिन कसैलाई वाध्य पार्न हुँदैन ।

(ङ) विज्ञापनदाता र सञ्चारमाध्यमलाई भ्रममा राखी विज्ञापनमा कालोबजारी गर्नु हुँदैन ।

(च) विज्ञापन सम्वन्धी कारोवार स्पष्ट र पारदर्शी रुपमा राख्नुपर्दछ र सम्बन्धित निकाय र बोर्डले हेर्न चाहेमा उपलव्ध गराउनुपर्दछ ।

(छ) विज्ञापनदातासंग भुक्तानी माग गर्दा सञ्चारमाध्यमले जारी गरेको विलको प्रति समेत संलग्न गर्नु पर्नेछ ।

(ज) विज्ञापन प्रकाशन वा प्रसारण गर्नुपूर्व गरिएको भुक्तानीलाई मात्र नगद भुक्तानी मानी नगद छुटको व्यवस्था गर्नु पर्नेछ ।

### ७.३ विज्ञापन उत्पादनसम्वन्धी आचारः

(क) विज्ञापन उत्पादन गर्दा मौलिकता, श्रृजनशीलता तथा व्यवसायिकतालाई प्रोत्साहन गर्नु पर्दछ । नक्कल गरी विज्ञापन निर्माण तथा उत्पादन गर्नु तथा अरुको श्रृजनालाई आफ्नो भनी दावी गर्न हुदैन ।

(ख) विज्ञापन उत्पादनमा संलग्न श्रष्टा तथा सर्जक वा कलाकारसँग लिखित सम्झौता गरी सम्झौता बमोजिमको पारिश्रमिक वा सुविधा उपलव्ध गराउनु पर्दछ ।

(ग) दोहोरो अर्थ लाग्ने वा भ्रम श्रृजना गर्ने विज्ञापन निर्माण तथा उत्पादन गर्नु गराउनु हुदैन।

(घ) उपभोक्ताको हित संरक्षण हुने खालका विज्ञापन निर्माण तथा उत्पादन गर्नु पर्दछ ।

(ङ) सञ्चारमाध्यमबाट प्रसारण हुने विज्ञापन उत्पादन गर्नुपूर्व बोर्डबाट अनुमति लिन चाहेमा स्क्रृप्ट र स्टोरिबोर्ड सहित पेश गर्नु पर्नेछ ।

(च) आफुले उत्पादन गरेका स्वदेशी विज्ञापन तथा अन्य विदेशी विज्ञापन बोर्डबाट परीक्षण गराएर मात्र प्रसारण गर्नु गराउनु पर्नेछ।

**७.४ विज्ञापन वितरणसम्वन्धी आचारः**

(क) एजेन्सीलाई प्राप्त विज्ञापन प्रकाशन वा प्रसारणका लागि आफैले वा अन्य एजेन्सीमार्फत पठाउँदा दररेट परिवर्तन गर्नु हुदैन ।

(ख) विज्ञापनको वितरण गर्दा समानुपातिक किसिमले वितरण गरिनु पर्दछ । साथै पिछडिएका वर्ग, क्षेत्रमा सञ्चालित तथा विकट भौगोलिक क्षेत्रमा सञ्चालित सञ्चारमाध्यमलाई प्राथमिकतामा राख्नु पर्दछ ।

(ग) विज्ञापन वितरण गर्दा स्वदेशी सञ्चारमाध्यमलाई प्राथमिकता दिनु पर्दछ । विदेशी सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण गर्नु पर्ने भए सोको कारण खुलाइ अभिलेख राख्नुपर्दछ ।

(घ) आफैले उत्पादन गरेका कार्यक्रममा मात्र विज्ञापन राख्न उत्प्रेरित गर्ने गर्नु हुदैन ।

(ङ) विदेशी विज्ञापनलाई नेपाली भाषामा डविंग गरी प्रसारण गर्न गराउनु हुँदैन ।

**७.५ विज्ञापन उत्पादन प्रकाशन तथा प्रसारणका क्रममा कुनै अनियमितता भएको पाइए तत्काल बोर्डलाई जानकारी गराउनु पर्नेछ ।**

८. **<u>विज्ञापनदाताले पालना गर्नु पर्ने आचारः</u>** विज्ञापनदाताले देहायका आचार अनिवार्यरूपले पालन गर्नु पर्नेछः

**८.१ उत्पादनसम्वन्धी आचारः**

(क) आधिकारिक र प्रामाणिक सूचना वा तथ्यमा आधारित विज्ञापन उत्पादन गर्नु गराउनु पर्नेछ। आफ्नो मात्र बस्तु वा सेवा राम्रो अरुको नराम्रो भन्ने गलत, भ्रामक र अस्पष्ट विज्ञापन उत्पादन गर्न वा गराउन हुदैन ।

(ख) मौलिक प्रकृतिको विज्ञापन उत्पादनमा प्राथमिकता दिनु पर्नेछ । अरुको नक्कल गरेर विज्ञापन उत्पादन गर्नु गराउनु हुँदैन ।

(ग) विज्ञापनमा विज्ञापनदाताको परिचय स्पष्ट खुल्नु पर्दछ ।

(घ) आफ्नो उत्पादित बस्तु तथा सेवाको सम्बन्धमा सचेत गराउनु पर्ने सूचनालाई स्पष्ट देखिने गरी विज्ञापन उत्पादन गराउनु पर्दछ ।

(ङ) बस्तु वा सेवाको वास्तविक गुण, परिमाण वा मूल्यभन्दा फरक हुने गरी भ्रमपूर्ण वा झुट्टा विवरण दिई विज्ञापन उत्पादन गर्न वा गराउन हुदैन ।

(च) सम्वन्धित निकायमा दर्ता भएका, तोकिएको समयमा नवीकरण भएका आधिकारिक सञ्चारमाध्यममा मात्र विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु गराउनु पर्नेछ ।

**८.२ वितरणसम्वन्धी आचारः**

(क) सञ्चारमाध्यममा विज्ञापन गर्दा गराउँदा विज्ञापनबापतको रकम स्पष्ट खुल्ने गरी विज्ञापन एजेन्सीहरुसँग सम्झौता गर्नु पर्दछ ।

(ख) विज्ञापन वितरण गर्दा गराउँदा विज्ञापन उपलव्ध गराउने सञ्चारमाध्यम तथा त्यसको दर एकीन गरेर मात्र वितरणको निधो गर्नु पर्दछ ।

(ग) स्वदेशी सञ्चारमाध्यममा विज्ञापन प्रसारण तथा प्रकाशन गर्ने गराउने गर्नु पर्दछ । सञ्चार माध्यम वाहेकका सामाजिक सञ्जालमा विज्ञापन गर्दा तोकिएको मापदण्डका आधारमा गर्नु पर्दछ ।

(घ) विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणको कार्य गर्दा बोर्डमा सूचीकृत एजेन्सी मार्फत मात्र गर्नु पर्दछ ।

**८.३ भुक्तानीसम्वन्धी आचारः**

(क) विज्ञापनदाताले विज्ञापन प्रकाशन तथा प्रसारण बापतको रकम भुक्तानी गर्दा सम्बन्धित सञ्चारगृहको विल, तोकिएको समय एवं स्थानमा विज्ञापन प्रकाशन तथा प्रसारण भए नभएको एकिन गरेर मात्र भुक्तानी दिनु पर्दछ ।

(ख) विज्ञापन एजेन्सी मार्फत भुक्तानी गर्दा सञ्चारगृहले भुक्तानी पाए नपाएको समेत एकिन गरेर मात्र भुक्तानी गर्नु पर्दछ ।

९. **उजुरीसम्वन्धी व्यवस्थाः** (१) यस आचारसंहिता विपरित कसैले विज्ञापन गरेको पाइएमा सम्भव भएसम्मका प्रमाणसहित त्यस्तो विज्ञापन भएको थाहा पाएको मितिले तीस दिनभित्र जुनसुकै व्यक्तिले बोर्ड समक्ष उजुरी दिन सक्नेछ ।

(२) कुनै पनि विज्ञापन यस आचारसंहिताविपरीत छ भनी कुनै पनि माध्यमबाट बोर्डलाई जानकारी गराएमा वा आचारसंहिता विपरित छ भन्ने बोर्ड स्वयंले जानकारीमा लिएमा उक्त सूचनालाई बोर्डले आफै उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको उजुरी वा उपदफा (२) बमोजिम बोर्डले लिएको जानकारी उजुरीको रुपमा दर्ता गरी बोर्डले छुट्टै दर्ता किताबमा दर्ता गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको उजुरी दिँदा उजुरीकर्ताले आफ्नो परिचय गोप्य राख्न चाहेको कुरा खुलाएमा बोर्डले त्यस्ता उजुरीकर्ताको परिचय गोप्य राख्नुपर्नेछ ।

१०. **<u>उजुरी छानविन समितिसम्बन्धी व्यवस्थाः</u>** (१) यस आचारसंहिता विपरित कार्य गर्ने व्यक्ति उपर छानविन गर्ने प्रयोजनको लागि देहाय बमोजिम तीन सदस्यीय उजुरी छानविन समिति गठन हुनेछ ।

क) बोर्डले तोकेको बोर्डको सदस्य - संयोजक

ख) विज्ञापन क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तिहरु मध्येबाट अध्यक्षले तोकेको एकजना विज्ञ - सदस्य

ग) कानून अधिकृत, विज्ञापन बोर्ड - सदस्य सचिव

(२) समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(३) समितिले बोर्डसमक्ष पर्न आएको उजुरीमाथि छानविन गरी कारवाहीको लागि बोर्डसमक्ष सिफारिस गर्नेछ । साथै उजुरी छानविनको क्रममा उजुरकर्तासँग आवश्यक विवरण माग गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्कतानुसार बस्नेछ ।

(५) समितिले आवश्यकतानुसार सरोकारवाला व्यक्ति वा संघसंस्थाका पदाधिकारी वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिका पदाधिकारीहरुले बोर्डबाट तोकिए बमोजिमको बैठक भत्ता र सुविधा तथा छानविनको क्रममा उपत्यका बाहिर जाँदा नियमानुसारको भ्रमण भत्ता पाउनेछन् ।

(७) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतको आधारमा हुनेछ ।

**११. <u>जाँचबुझः</u>** (१) बोर्डको कार्यालयले दफा ९ बमोजिम प्राप्त उजुरीको प्रारम्भिक जाँचबुझ गर्नेछ ।

(२) बोर्डको कार्यालयले उपदफा (१) बमोजिम जाँचबुझ गर्दा बोर्डमा प्राप्त उजूरी आधारहीन वा प्रारम्भिक रुपमानै प्रमाणित हुने किसिमको नदेखेमा त्यस्ता उजूरी तामेलीमा राख्न सक्नेछ

(३) बोर्डको कार्यालयले उजूरीका सम्बन्धमा विस्तृत जाँचबुझ गर्न आवश्यक देखेमा दफा १०(१) बमोजिमको उजुरी छानविन समितिमार्फत जाँचबुझ गराउन सक्नेछ ।

(४) बोर्डको कार्यालयले उपदफा (१) बमोजिम जाँचबुझ गर्दा प्रारम्भिक अवस्थामा नै यस आचारसंहिताको गम्भीर उल्लंघन भएको पाएमा त्यस्ता उजुरीउपर अन्तिम टुङ्गो नलाग्दासम्म वा अर्को आदेश नहुँदासम्मको लागि त्यस्तो विज्ञापन प्रकाशन वा प्रसारणमा तत्काल रोक लगाउन सक्नेछ ।

(५) उपदफा (१) वमोजिम जाँचबुझ गर्दा कुनै विज्ञापनदाता, विज्ञापन एजेन्सी वा सञ्चारमाध्यमउपर कारवाही गर्नुपर्ने देखिएमा बोर्डले त्यस्तो विज्ञापनदाता, विज्ञापन एजेन्सी तथा सञ्चारमाध्यमलाई सफाईको उचित मौका दिनुपर्छ । त्यस्तो मौका दिँदा निजको विरुद्धमा लागेको आरोप र हुन सक्ने सजायसमेत उल्लेख गर्नुपर्छ ।

तर जाँचबुझको क्रममा यस आचारसंहिता उल्लघंन गरेको प्रमाण नपाइएमा त्यस्ता उजुरीलाई तामेलीमा राखिनेछ ।

**१२. <u>कारवाहीः</u>** यो आचारसंहिता उल्लंघन गरेको पाइएमा उल्लंघनको गम्भीरताका आधारमा सम्वन्धित उल्लंघनकर्तालाई बोर्डले देहाय वमोजिम एक वा एक भन्दा वढी कुनै पनि कारवाहीको निर्णय गर्न सक्नेछ।

(क) आचारसंहिता विपरितको विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारणमा रोक लगाउने।

(ख) क्षमायाचना गर्न निर्देशन दिने ।

(ग) सम्बन्धित सञ्चारमाध्यम वर्गीकरणको प्रक्रियाबाट अलग गर्न पत्राचार गर्ने तथा विज्ञापन एजेन्सी सूचीकरणमा रोक लगाउने ।

(घ) बोर्डवाट उपलव्ध गराईने लोककल्याणकारी विज्ञापनमा समयावधि तोकी बढिमा दुई वर्षसम्मको लागि रोक लगाउने ।

(ङ) सरकारी वा सार्वजनिक निकायको तर्फबाट उपलब्ध गराइने कुनै पनि प्रकारका विज्ञापन वा सुविधाहरु वढिमा दुई वर्षसम्मको लागि उपलब्ध नगराउन सम्वन्धित निकायलाई सिफारिस गर्ने तथा बोर्डको सूचीकरणवाट हटाउने ।

(च) राज्यका तर्फबाट दिने सेवा सुविधामा सहभागी नगराउन सम्वन्धित निकायलाई सिफारिस गर्ने।

(छ) गम्भीर रुपमा पटक-पटक आचारसंहिता उल्लंघन गर्ने व्यक्तिलाई थप कारवाहीका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

(ज) बोर्डको निर्णय वा निर्देशन अवज्ञा गर्ने विज्ञापनदाता, विज्ञापन एजेन्सी तथा सञ्चारमाध्यमलाई सचेत गराउने, अवज्ञाकारी वा आचारसंहिता उल्लंघनकर्ता सूचीमा राख्ने र सोको विवरण तत्काल वा आवश्यकताअनुसार सार्वजनिक गर्ने ।

१३. <u>निर्णय तथा कार्यान्वयनः</u> (१) बोर्डले दफा ९ को उपदफा (३) अनुसार समितिको राय प्राप्त भएपछि सामान्यतया १५ दिनभित्र आवश्यक निर्णय गर्नु पर्दछ ।निर्णय गर्नुपूर्व बोर्डले आवश्यक ठानेमा उजुरीकर्ता र आरोपित दुवै पक्षलाई झिकाई छलफल गराउन सक्नेछ ।

(२) दफा ९ को उपदफा (३) बमोजिम समितिको रायसहित सिफारिस प्राप्त भएपछि बोर्डले देहायबमोजिम हुने गरी निर्णय गर्नेछ ।

(क) विज्ञापनसम्बन्धी व्यवसाय गर्ने व्यक्तिले विज्ञापनको उत्पादन, वितरण, प्रकाशन वा प्रसारण सम्बन्धमा लिएको स्वीकृति वा अनुमति वा इजाजतपत्रमा उल्लिखित शर्तको विपरित कुनै कार्य गर्न लागेको वा गरेको पाईएमा स्वीकृति वा इजाजतपत्रमा उल्लेखित शर्तको पालनाको लागि निर्देशन दिन र दफा १२ बमोजिम कारवाही गर्ने निर्णय गर्न सक्नेछ ।

तर प्रचलित विज्ञापनसम्बन्धी कानूनको उल्लघंन भएको पाइएमा सोही विज्ञापन सम्बन्धी कानूनले निर्दिष्ट गरे बमोजिम कारवाहीको प्रक्रिया अघि बढाइनेछ ।

(ख) खण्ड (क) बमोजिमको निर्देशन पालना नगरेमा प्रचलित ऐन, नियम एवं कानूनबमोजिम आवश्यक कारवाहीका लागि तत्काल सम्बन्धित निकायमा लेखि पठाईनेछ ।

(ग) विज्ञापनदाता, विज्ञापन एजेन्सी वा विज्ञापन प्रकाशक वा प्रसारकबीचको सम्झौता विपरितको कार्य गरेको ठहरिएमा सम्झौताको कार्यान्वयनका लागि सम्झौता उल्लघंन गर्ने पक्षलाई बोर्डले निर्देशन दिन सक्नेछ ।

(घ) खण्ड (ग) अनुसारको निर्देशनको पालना नगरेमा आवश्यक कारवाहीका लागि प्रचलित ऐन तथा नियमावलीबमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

१४. <u>क्षतिपूर्ति र प्रचलित कानूनवमोजिम मुद्दा चलाउन पठाउनेः</u> (१) कसैले आचारसंहिता विपरितको विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण गरेका कारण कसैलाई हानी नोक्सानी पुगेको भएमा

प्रचलित अन्य कानून वमोजिम क्षतिपूर्तिको माग दावि गर्न र अन्य प्रचलित कानून वमोजिम समेत त्यस्तो विज्ञापन उपर कारवाही चल्ने भए यस आचारसंहिताले वाधा पुऱ्याएको मानिने छैन ।

(२) कुनै ऐन वा कानूनले तोकेर विज्ञापन गर्न नपाईने व्यवस्था गरेको र त्यसको उल्लङ्घन भएको पाईएमा सो कानूनबमोजिम कारवाही गर्न बोर्डले सम्बन्धित निकायलाई लेखि पठाउन सक्नेछ ।

१५. **उजुरीकर्तालाई प्रसंशा तथा पुरस्कारसम्बन्धी व्यवस्थाः** उजुरीकर्ताको संकलित प्रमाण तथा उजुरी सत्य तथ्यमा आधारित भई विज्ञापन आचारसंहिता उल्लंधन भएको ठहरे त्यस्तो उजुरकर्तालाई बोर्डले प्रोत्साहन स्वरुप उजुरी गर्दा तथा उजुरीउपर छानविन प्रक्रियामा उजुरकर्ताले पुऱ्याएको योगदानका आधारमा प्रशंसापत्र वा प्रमाणपत्र र बढीमा दश हजार रुपैयाँसम्मको नगद पुरस्कार प्रदान गर्न सक्नेछ।

१६. **व्याख्या गर्ने अधिकारः** यस आचारसंहिता कार्यान्वयनका क्रममा कुनै वाधा वा अड्चन उत्पन्न भएमा तत्काल अध्यक्षले फुकाउन सक्नेछ । यस आचारसंहितामा कुनै द्विविधा उत्पन्न भए त्यसको अन्तिम व्याख्या गर्ने अधिकार बोर्डमा रहनेछ ।